महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General, Nepal

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## सरुमारानी गाउँपालिका
## प्यूठान




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं ९८

मिति: २०७७/३/२६

श्री गाउंपालिका अध्यक्ष ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सरुमारानी गाउंपालिका, प्यूठान ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक



Scanned with CamScanner

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्वन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवाप्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको,बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको,खर्च पश्चात बजेट तथाकार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको,अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ताप्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन ।स्थानीय तहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको,श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको,संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकनतथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७७७८
च.नं ९८

मिति: २०७७।३।२६

श्री गाउंपालिका अध्यक्षज्यू,
सरुमारानी गाउंपालिकाको कार्यालय, प्यूठान ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले सरुमारानी गाउंपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्वन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्वन्धित अन्य विवरणले स्थानीय तहसंग सम्वन्धित प्रचलित कानून वमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउंपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढांचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणवाट रु.३ करोड ५३ लाख ४६ हजार वेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख १२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २७ लाख ८४ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.३७ लाख ५० हजार र पेस्की बांकी १ करोड ८७ लाख रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न २१ दफाको रु ७६ लाख ८८ हजारको प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा वेरुजु फछ्यौंट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौविस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउंपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको सविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउं कार्यपालिका, गाउंपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।६।२६

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक



Scanned with CamScanner

# सरुमारानी गाउंपालिका, प्यूठान
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न सरुमारानी गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ६ वडा रहेको, ३४ सभा सदस्य, १५७.९७ व.कि.मी. क्षेत्रफल र १८,६२७ जनसंख्या सहित ५ नं प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चिकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय - व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३५६८४४९४ | १ | चालु खर्च | | १४८५७२१२२.० |
| | क) नगद | ० | | २ | पूंजीगत खर्च | | १४४६२३९८५.० |
| | ख) बैंक | ३५६८४४९४.० | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ५८९८७६८७ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४९०५९३६.६० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाडफाड | ४८७९३१३९.५६ | | | ग) अन्य भुक्तानी | | |
| | ग) प्रदेश राजस्व बाडफाँड | ५२८८६१०.९१ | | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण | | २०९८०४३०० | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ६९८०००००.० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १०६३३३३००.० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | | १३८५०० |
| | घ) विशेष अनुदान | ७७७४०००.० | | ६ | कोष खर्च | | ५९६११४९ |
| | ङ) सामाजिक सुरक्षा | २५८९७०००.० | | | १.वजेट फिर्ता को.ले.नि.का | ५६३१८८९ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १५६६४००० | | क) सशर्त अनुदान | ५०४८९८० | |
| | क) वित्तीय समानीकरण अनुदान | ४०६४०००.० | | | ख) सामाजिक सुरक्षा | ४०५४०० | |
| | ख) सशर्त अनुदान | ९६०००००.० | | | ग) प्र.म. रोजगार | १४,५६०९ | |
| | ग) समपूरक अनुदान | २००००००.० | | | घ) स्थानिय पुर्वाधार विकास साझेदारी | ३१९०० | |
| | घ) विशेष अनुदान | ० | | | २.वजेट फिर्ता प्रदेश को.ले.नि.का. | ३२९२६० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | क) सशर्त अनुदान | ३०१४६० | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | ख) समपुरक अनुदान | २७८०० | |
| | ख) सांवा प्राप्ति | | | ७ | मौज्दात | | २१९०६४८३.० |
| | ग) ब्याज प्राप्ति | | | | १) नगद मौज्दात | ० | |
| | घ) अन्य प्राप्ति | | | | २) बैक मौज्दा | २१९०६४८३.० | |
| ६ | विभिन्न कोषतर्फको आय | | ० | | क) चालु खर्च खाता (स्थानिय वजेट) | २०३०७८३६.० | |
| ८ | जनसहभागिता (नगद) | | | | ख) पुंजीगत खर्च खाता | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | ग) सञ्चित कोष खाता | ८१११९.० | |
| १० | धरौटी आय | | १०६१७५८.० | | घ) स्थानिय धरौटी खाता | १०२१७५८.० | |
| ११ | लगानीको सांवा फिर्ता | | | | ङ) विभिन्न कोष | ४९५७७०.० | |
| १२ | अन्य विविध आय | | | | च) कर्मचारी कल्याण कोष | | |
| | जम्मा | | ३२१२०२२३९.० | | जम्मा | | ३२१२०२२३९.० |



Scanned with CamScanner

| दफा नं. | भौ. नं. र मिति | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | बेरुजू रकम रु. |
|---|---|---|---|
| १. | | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । तयार गरिएका आर्थिक विवरणले वास्तविक सम्पत्ती र दायित्वको स्थिति देखाउदैन भने शिर्षकगत खर्चको स्थिति समेत मुल्याकंन गर्न सकिने स्थिति देखिएन । | |
| १.१ | | स्थानीय निकायले मिति २०७५ चैत्र महिनादेखि लागु गरेको नेपालको सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) बमोजिम आय व्यय विवरण तयार गर्नुपर्नेमा यस गाँउपालिकाले सो वमोजिम विवरण तयार नगरी पुरानै ढाँचाको विवरण उपलब्ध गराएको छ । | |
| १.२ | | आयव्यय विवरणमा श्रेश्ता अनुसार बैंक मौज्दात रु २१९०६४८३।- देखाएको छ भने आ.व.को अन्तमा बैंक मौज्दात विवरण अनुसार रु ५४५६१०६१।- देखिएकोले बैंकमा बढी भै फरक देखिएको रु ३२६५४५७८।- को बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ । | |
| १.३ | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ वमोजिम आ.व. को अन्तमा खर्च खाताहरुमा रहेको रकम स्थानीय संचालन कोष खातामा ट्रान्सफर गरी शुन्य वनाउनुपर्नेमा सो खाता शुन्य नवनाई चालुखर्च खातामा रु ११९०६३०१।०० बाँकी मौज्दात देखाएको छ । आ.व.को अन्तमा खर्च नभै बाँकी रहेको रकम स्थानीय सञ्चित कोष खातामा ट्रान्सफर हुनुपर्दछ । | |
| १.४ | | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा सालतमाममा बाकी रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था अन्तर्गत महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम सालतमाम हुनु भन्दा कम्तिमा ७ दिन अगाडि नै आर्थिक कारोवार बन्द गर्नुपर्ने छ भन्ने व्यवस्था छ । कार्यालयले सुशर्त अनुदान तर्फको वातावरण तथा सरसफाई कार्यक्रममा रु.५५०००.० कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी फ्रिज गराउनु पर्नेमा गरेको नदेखिएकोले फ्रिज गरी सोको प्रमाण पेश हुनुपर्ने रु........... | ५५०००.० |
| २. | | **आन्तरिक आय :** कार्यालयले यो वर्ष आन्तरिक आय रु ७१,१०,६०० अनुमान गरेकोमा रु ४९,०५,९३७ लक्ष्यको तुलनामा (६९ प्रतिशत) आय गरेको देखिएको छ । अनुमानको तुलनामा घटि राजश्व असुल भएको देखिएको छ । स्थानीय साधन श्रोतको परिचालन गरी स्थानीय तहको विकास कार्यमा श्रोत साधनमा आत्मनिर्भर हुन गाउंपालिकाले अनुमानलाई तथ्यपरक बनाई आन्तरिक आयको स्पष्ट श्रोतहरु एकिन गरी आन्तरिक आयको दायरा फराकिलो बनाउनका लागि आवश्यक राजश्व नीति नियम एवं कार्यविधि को व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ ।<br>गाँउपालिकाले पेश गरेको वित्तीय विवरणले वित्तीय स्थितिको यथार्थ स्थितिको चित्रण गर्नु पर्दछ । पेश भएको वित्तीय विवरणले यथार्थ अवस्था प्रस्तुत गरेको देखिदैन । तत्सम्वन्धी केही व्यहोरा निम्नानुसार छन् । | |
| २.१ | | आन्तरिक आयतर्फ यसबर्ष कुनै ठेक्का पट्टा लगाएको देखिएन । ढुङ्गा गिट्टी बलुवाबाट अमानतका आधारमा आय उठाउने गरेको देखियो । अमानतवाट उठाउदा प्रयोग गरिने आय रसिदहरुको रसिद नियन्त्रण खाता राखेको छैन । आय असुलि हुँदा प्रयोग हुने दैनिक आम्दानी खाता बैंक दाखिला खाता प्रयोग गर्ने गरेको देखिएन ।<br>आम्दानी गरेको आन्तरिक आय समयमा नै दाखिला गर्ने गरेको देखिएन । | |
| २.२ | | वडा वाइज घर कर तथा मालपोत लगायतको लगत राख्न लगाएको देखिएन । वडाले जे जति रकम असूल तथा दाखिला गरेको छ । त्यसैलाई कार्यालयले आयमा देखाएको छ । | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २ | | आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । यस अन्तर्गत नगदी रसिद प्रयोग गर्ने रसिद नियन्त्रण खाता राख्ने गोश्वारा भौचर उठाउने, आयको आम्दानी खातामा प्रविष्ट गर्ने बैक दाखिला गर्ने, आम्दानी दाखिला बैक हिसाव मिलान भिडान गर्नुपर्ने जस्ता विषयहरु पर्दछन् । कार्यालयले आन्तरिक आय आर्जन गर्दा कार्यालय र वडा गत आम्दानी हिसाव राखेको देखिएन । बैक भौचरका आधारमा मात्र आय देखाएको छ । यस वर्ष कुनै पनि ठेक्का लगाएको देखिएन । यसरी वडावाइज आम्दानी नभएको आय शिर्षक अनुसार आय नदेखिएको जोड जम्मा स्पष्ट नदेखिएको राजस्व अभिलेखका म.ले.प फारमहरु प्रयोग नगरी बैक दाखिला भौचरका आधारमा आय व्ययमा देखाएको आन्तरिक आय देखाएको छ । यस सम्वन्धमा कर्मचारी कार्यालय व्यवस्थापन र पदाधिकारीहरुको ध्यान जानु पर्दछ । | |
| ३. | | **श्रोत नखुलाई कार्यक्रम छनौटः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ६ मा गाउंपालीकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा श्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष कुनै पनि योजनाको सम्भाव्यता अध्ययन, आयोजनाको प्राथमिकिकरण, कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना तयार गरेको पाईएन । त्यसैगरी आन्तरिक श्रोतबाट भएको खर्च र वित्तीय समानीकरणबाट हुने खर्च एकिन हुने गरी कार्यक्रम तय गरेको पाईएन । कुनै आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कुन कुन श्रोतबाट के कति रकम सो कार्यक्रममा खर्च गरिने हो विवरण खुलाई बजेट तथा कार्यक्रम पारित गरी सोही अनुरुप कार्यान्वयन गरिनुपर्दछ । | |
| ४. | | **साना आयोजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरी सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोंने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरी कार्य गराउनुपर्ने व्यवस्था छ । यस गाउंपालीकाले उपभोक्ता समितिमार्फत गराएका आयोजनाको लागत अनुमान तयार गर्दा गाउं सभाबाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार कार्य सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ । तसर्थ कुनै पनि निर्माण कार्य गराउंदा आयोजनाको कुल लागत अनुमान तयार गरी उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारीत लागतमा तोकिएको समयावधिमा पुरा गरी गुणस्तरीयता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ । यो वर्ष गाउंपालिकाको सभाले पास गरेको बजेटको आधारमा लागत अनुमान तयार गरी संचालन गरेका योजनाहरु निम्नानुसार रहेको पाईयो । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व वृद्धि गर्ने खालका ठुला आयोजना भन्दा साना टुक्रे आयोजनाले प्राथमिकता पाएको देखिएकोले आयोजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विष्लेषण गरी उपयुक्त आयोजनाको छनौट गरिनुपर्दछ । | |

| क.सं | आयोजनाको लागत | आयोजना संख्या |
|---|---|---|
| १. | १० हजारदेखि ५० हजारसम्मका | २१० |
| २. | ५० हजारदेखि १ लाख सम्मका | ८१ |
| ३. | १ लाखदेखि ५ लाखसम्मका | १२७ |
| ४. | ५ लाख देखि १० लाखसम्म्का | २० |
| ५. | १० लाखदेखि १५ लाखसम्मका | ९ |
| ६. | १५ लाखदेखि २० लाखसम्मका | १५ |
| ७. | २० लाखदेखि ३० लाखसम्म माथिका | ४ |
| ८. | ३० लाखभन्दा माथि | ११ |
| | जम्मा | ४७७ |



Scanned with CamScanner

उपर्युक्त तालिकामा ठुला आयोजनाहरुलाई क्षेत्रगत अवण्डाको रुपमा देखाइएकोलाई ठुला आयोजनाको रुपमा गणना गरीएको छ ।यसले गर्दा साना आयोजनाहरुको संख्या अझ बढि हुने निश्चित रुपमा देखिन्छ । योजना छनौटको प्राथमिकीकरणमा ध्यान दिनु पर्दछ ।

| | | | |
|---|---|---|---|
| ५. | | आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस गाउंपालीकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा ध्यान दिएको देखिएन। गाउंपालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई सोही अनुरुप कार्यसंचालन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्दछ।<br>५.१ कर्मचारीहरुको कार्य जिम्मेवारी र जवाफदेहिता लिखितरुपमा दिने नगरेको ,<br>५.२ योजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण गर्ने नगरेको<br>५.३ सार्वजनिक सुनुवाइ मार्फत खर्चको सामाजिक लेखापरीक्षण आशिंक रुपमा गर्ने गरेको<br>५.४ योजना कार्यान्वयन तालिका निर्माण नगरेको,<br>५.५ निर्धारित समयमा निर्माण सम्पन्न गर्ने नगरेको,<br>५.६ आयोजनाको भौतिक प्रगति मुल्यांकन गर्ने नगरेको,<br>५.७ अनुगमन प्रतिवेदन लिई सोको कार्यान्वयन गर्ने नगरेको,<br>५.८ आन्तरिक आयका करको दायरा पहिचान गर्ने नगरेको,<br>५.९ योजना हस्तान्तरण गर्ने नगरेको ,<br>५.१० योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको ५.११। कन्टिन्जेन्सीको खर्चको छुट्टै श्रेस्ता राख्ने नगरेको,<br>५.११ बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट लिने नगरेको ,<br>५.१२ फोहोर मैलालाई गल्ने र नगल्ने छुट्याउने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने नगरेको ,<br>५.१३ सेवा सुविधा वितरणमा मितव्ययीता नअपनाएको ,<br>५.१४ प्रशासनिक खर्चको सीमा निर्धारण गर्ने नगरेको,<br>५.१५ ऐनको दफा २७ अनुसार नक्शा पास र अनुमति वेगर भवन निर्माण गर्ने गरेको,<br>५.१६ राजस्व सम्वन्धी कानून निर्माण नगरेको ,<br>५.१७ अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण प्रयोग नगरेको ,<br>५.१८ प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलाम र राफसाफ गर्ने नगरेको ।<br>५.१९ स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन गर्ने नगरेको,<br>५.२० भुक्तानी जनाउने छाप लगाउने नगरेको,<br>५.२१ मू.अ.कर सहितको रकम जिन्सी श्रेस्तामा चढाउने नगरेको,<br>५.२२ पेश्कीका विस्तृत विवरण नखुलाई पेश्की दिने गरेको, पेश्की माथि पेश्की दिने गरेको र पेश्कीको अद्यावधिक अभिलेख राख्ने नगरेको,<br>५.२३ योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको,<br>५.२४ बिल तथा भर्पाइहरु कार्यालय प्रमुखबाट पुर्ण रुपमा प्रमाणित गर्ने नगरेको,<br>५.२५ धरौटीको गोश्वरा तथा व्यक्तिगत खाता राख्ने नगरेको,<br>५.२६ कार्यक्रमगत खर्च खाता र शिर्षकगत खर्चको विवरण राख्ने नगरेको,<br>५.२७ आयोजनाको नापजाँच र फरफारक गाँउ परिषदले गर्ने नगरेको,<br>५.२८ खर्चको बिल भर्पाइको तेरिज बनाउने नगरेको, | |

| | | | |
|---|---|---|---|
| | | ५.२९ व्यवसायहरुको लगत राखी कर उठाउने नगरेको । | |
| ६. | | **न्याय सम्पादन:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा यो वर्ष ९ वटा विवादको निरुपणार्थ निबेदन दर्ता भएकोमा ४ वटा किनारा लगाई ५ वटा बांकी रहेको देखिएको छ । समय मै विवादको निरुपण गरी किनारा लगाउनु पर्दछ । | |
| ७. | | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेकोमा आ.व २०७५।७६ मा प्रोफाइल तयार गरेकोमा गाउंपालीकाले समग्र विकास गुरुयोजना, खनिजजन्य पदार्थको प्रारम्भिक वातावरणिय परीक्षण, सडक गुरुयोजनाको कार्यसम्पन्न गरि प्रतिबेदन प्राप्त गरेको पाईयो यसको अध्ययन र विश्लेषण गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ८. | | **सेवा प्रवाह :** गाँउपालिकाको कार्यालयले गांउवासीको लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस,नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ । | |

| सेवा प्रवाहको विवरण | सिफारिस संख्या |
|---|---|
| नागरिकता सिफारिस | ९०६ |
| घरबाटो सिफारिस | ५२४ |
| नाता प्रमाणित | १४५ |
| जन्म तथा मृत्यु दर्ता | १२८७ |
| अन्य | ३४०२ |

| | | | |
|---|---|---|---|
| ९. | | सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८ वमोजिम वार्षिक १० लाख रुपैया भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष नियमावलीको उपर्युक्त व्यवस्था वमोजिम वार्षिक खरिद योजना तयार गरेको देखिएन । | |
| १०. | | महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा खर्चको प्रकृति अनुसारका खर्च शिर्षकहरु उल्लेख गरिएको छ । कार्यालयले उक्त एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या अनुसार निम्न वमोजिम खर्च गरेको नियमित नदेखिएको रु....... | १२,७३,०७२.० |

| गो.भौ.न./मिति | खर्च लेख्नुपर्ने शिर्षक नं. | खर्च लेखेको शिर्षक नं. | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ५९।०७५।८।२७ | अन्य भत्ता | अन्य सेवा शुल्क | १,७५,३८२.०० | संघीय राजस्व वाडफाँड चालु |
| ८६।०७५।९।२९ | कार्यालय सामान | सेवा परामर्श | १,४६,०६८.०० | " |
| १०११०७५।१०।१० | | विविध | १३,५००.०० | " |
| ११।०७५।६।२५ | संघीय सरकारको सशर्त अनुदान | आन्तरिक श्रोत | २,५२,३७५.०० | आन्तरिक श्रोत अल्या |
| १३।०७५।६।२५ | सम्वन्धित बजेट उपशिर्षक | आन्तरिक श्रोत | १३३८५०.०० | " |
| १५।०७५।६।२५ | संघीय सरकारको सशर्त अनुदान | आन्तरिक श्रोत | १३६७७७.०० | " |
| ६६।०७५।१२।२७ | सम्वन्धित बजेट उपशिर्षक | आन्तरिक श्रोत | २०४५७०.०० | " |
| १७२।०७६।१।२५ | कार्यालय खर्च | विविध खर्च | ९१५५०.०० | राजस्व वाँडफाड आन्तरिक |
| ५।०७५।८।१८ | संघीय वित्तीय समानिकरण | प्रदेश वित्तीय समानिकरण | १५०००.०० | प्रदेश वित्तीय समानिकरण |
| १६८।०७६।१।२० | अन्य सेवा शुल्क | अन्य भत्ता | १०४०००.० | संघीय राजस्व वाँडफाँड |
| | | जम्मा | १२७३०७२.०० | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ११. | | **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउंपालिकाले सञ्चालन गरेका गाँउस्तरीय तथा वडा स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । यसवाट गाउंपालिकाले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगतिको अवस्थाको मुल्याङकन गर्न सक्ने अवस्था रहेन । | |
| १२. | | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ३ प्रतिशत, दोश्रो चौमासिकमा ५ प्रतिशत र तेश्रो चौमासिकमा ९२ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र ३६ प्रतिशत रकम खर्च भएको देखिएको छ । यसरी अन्तिम चौमासिकमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तीय समानीकरण | ५,१६,०३,४४१ | १२,६९,६५० | ८४,५८,४६० | ५६,७३,९३६ | ३,६२,०१,३९५ |
| | खर्च प्रतिशत | १०० | २.४६ | १६.३९ | ११ | ७०.१५ |

| | | | |
|---|---|---|---|
| १३. | | कर्मचारी व्यवस्था:<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३१ रहेपनि पदपूर्ति ८ रहेको देखियो । ४ अधिकृत सहित २३ पद रिक्त रहेको छ । गाँउपालिकाले १९ जना कर्मचारी करारमा नियुक्ती गरी कार्यालय सञ्चालन भैरहेकोले कर्मचारी आवश्यकताको विश्लेषण गरी पदपुर्ति गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनुपर्दछ । | |
| १४ | | सामाजिक सुरक्षा तर्फ: | |
| १४.१ | | लाभग्राहीको विवरण अद्यावधिक कार्य:- सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ दफा (१२) अनुसार नाम दर्ता र नविकरणवाट आगामी वर्षका लागि लाभग्राहीको विवरण गाउँपालीकाले पौष मसान्तभित्र एम आइ एस मा नाम दर्ता तथा प्रमाणिकरण र नविकरण समेत गरी विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाको ६ वटा वडाको सामाजिक सुरक्षा भत्ता सम्वन्धि लगत सिस्टममा अद्यावधिक गरेको नदेखिएकोले कार्यविधिवाट निर्धारित प्रकृया अवलम्वन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई वस्तुनिष्ठ र प्रभावकारी वनाइनु आवश्यक देखिन्छ । | |
| १४.२ | | सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि), २०७२ नियम ३१ मा स्थानीय निकायले सामाजिक सुरक्षा भत्ता प्रदान गर्नको लागि गरेको नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण र मृत्यु तथा वसाइसराईको लगत कट्टा र थप गरेको विवरण सबैलाई पायक पर्ने स्थानमा सुचना टाँस गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले यो वर्ष उक्त विवरण सार्वजनिक गरेको पाइएन । कार्याविधिको उक्त व्यवस्थाको पालना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी गराइनुपर्दछ । | |
| १४.३ | | सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ को नियम १५(क) अनुसार गाउंपालिकाले प्रथम चौमासिक असोजको १ गतेवाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गतेवाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेवाट दोस्रो हप्ताभित्र भुक्तानी गरिसक्नुपर्ने व्यवस्था छ । उक्त नियममावलीको नियम (९०) अनुसार | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | भत्ता भुक्तानी गर्दाको समयमा कुनै व्यक्ति उपस्थित हुन नसकेको भए सोही आ.व.मै अर्को चौमासिकमा भत्ता बुझाउन सकिने उल्लेख भएकोमा एक चौमासिकमा प्राप्त गर्न छुट भएका लाभग्राहीहरुलाई अर्को चौमासिकमा दिएको देखिएन । भुक्तानी भरपाई परीक्षण गर्दा केहिको नाता प्रमाणित र लाभग्राहीको मन्जुरीनामा वेगर हस्ते गरी भत्ता बुझेको देखियो । भुक्तानी गर्न छुट भएको व्यक्तिहरु तथा लगत कट्टा गर्नुपर्ने व्यक्तिहरु पहिचान गरी स्पष्ट रुपमा पेश्की फछ्यौटको लागि पेश गरेको देखिएन । तसर्थ पहिलो र दोस्रो चौमासिकमा छुट भएको लाभग्राहीहरुलाई पछिल्लो चौमासिकमा अभिलेख अद्यावधिक गरी रकम उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभुति गरिनुपर्दछ । | |
| १४.४ | ३।२०७५।०८।१२ | सामाजिक सुरक्षा भत्ता बापत प्रथम चौमासिकको रकम भुक्तानी गर्दा ५ नं. वडाका वडा सचिव श्री प्रेम प्रकाश चौधरीले श्री इन्द्रा देवी दर्लामी, अनिसरा राना मगर लगायत अन्य सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नाममा हस्ते गरी रकम भुक्तानी गरेको पाइयो । यसरी हस्ते गरी रकम वितरण गर्ने परिपाटिलाई नियन्त्रण गर्नुपर्दछ । | |
| १५. | | **पूंजीगतबाट चालु प्रकृतिको खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । यो वर्ष गाउं सभाबाट समानीकरण अनुदान तर्फको चालु र पुंजिगत बजेट के कति भन्ने स्पष्ट रुपमा उल्लेख नगरी विभिन्न कार्यक्रममा बजेट बांडफांड गरेको पाईयो । गाउंपालीकालाई प्राप्त अनुदानलाई वर्गीकरण र व्याख्या अनुरुप चालु र पुजिंगत रुपमा छुट्याई सोहीबमोजिम चालुतर्फका कार्यकमहरु तथा पुजिगत तर्फका आयोजनाहरु तर्जुमा तथा छनौट गरी कार्यान्वयन हुन आवश्यक देखिन्छ । | |
| १६. | | **आर्थिक सहायताः**<br><br>कार्यालयले आन्तरिक पूजीगत खर्च शीर्षक तथा अन्य शीर्षकवाट खर्चको विल भरपाई राखी विपत व्यवस्थापन १७ जना, दिर्घरोगी ४१ जना र असहाय अशक्त ६७ जनालाई क्रमसः रु ४,६८.५००, रु ६,२५,००० र रु ३,७१,०००।- गरी जम्मा रु १४,६४,५००। आर्थिक सहायता स्वरुप भुक्तनी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | - |
| १७. | | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै गाँउपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सो सफ्टवेयरबाट कारोवारको अभिलेख राखेको देखिएन । | |
| १८. | | २०७६।०७७ को बजेट वक्तव्य बमोजिम मुल्य अभिवृद्धिकर नियमावली, संशोधन गरी ठेकेदार वा आपुर्तिकर्तालाई कर विजक वापत रकम भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसारको मूल्य अभिवृद्धी कर रकम भुक्तानी गर्दा उपर्युक्त बमोजिम मूल्य अभिवृद्धी कर दाखिला गरेको नदेखिएकाले उक्त रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तावाट असूल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुनुपर्ने रु... | ८,६६,७२२ |

| भौचर नं. मिति | कार्यक्रमको नाम | सम्बन्धित पार्टी | खरिद विवरण | कूल मूल्य अभिवृद्धी | ५०% ले हुने मुल्य अभिवृद्धि कर |
|---|---|---|---|---|---|
| ४०।१०६३।३।२० | फिलिवाङ लिफट खानेपानी | अनुपम इन्टर प्राईजेज | पाइप लगायत | ६५१३ | ३२५७ |
| | | स्टार इट्टा उद्योग | इट्टा | १०४०० | ५२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१८।०७६।३।२२ | वडखोला सिचाई आयोजना | एमसी अडर्स एण्ड सप्लायर्स | सिमेन्ट | ६०४४ | ३०२२ |
| ४१८।०७६।३।२४ | सरस्वति मा.वि मञ्च निर्माण | सारु अडर सप्लायर्स | सिमेन्ट | २४७०० | १२३५० |
| ४१९।०७६।३।२४ | झिलिवाङ सिचाई कुलो | एमसी अडर्स एण्ड सप्लायर्स | सिमेन्ट | २४२१९ | १२११० |
| ४२२।०७६।३।२४ | नेरा प्रावि घैटो टंकी निर्माण | विपिन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | सिमेन्ट | ६३१८ | ३१५९ |
| ४२३।०७६।३।२४ | बुढी खोला डडेशी कुलो निर्माण | सारु अर्डर सप्लायर्स | सिमेन्ट | ६३३४ | ३१६७ |
| ४२४।०७६।३।२४ | खोपछेड भवन निर्माण | जनता इट्टा भट्टा उद्योग | इट्टा | १००१० | ५००५ |
| ४२५।०७६।३।२४ | खड्केश्वरी मावि गेट निर्माण | स्टार इट्टा उद्योग | इट्टा | ५८५० | २९२५ |
| | खड्केश्वरी मावि गेट निर्माण | पश्चिमाञ्चल हार्डवेयर | सिमेन्ट | २९५७ | १४७९ |
| ४२६।०७६।३।२४ | वुढीखोला वेलाहाने वेशीगाउँ खा.पा. | सारु अर्डर सप्लायर्स | पाइप लगायत | ९०९७<br>१२९३८ | ४५४९<br>६४६९ |
| ४२८।०७६।३।२५ | ऐरावती मन्दिर निर्माण | सारु अर्डर सप्लायर्स | छड खरिद | १०३३६ | ५१६८ |
| ४३५।०७६।३।२५ | कट्टीचौर तल्लो खर्क सिचाई पाइप | सारदा टेडर्स एण्ड सप्लायर्स | पाइप | १८५३० | ९२६५ |
| ४३७।०७६।३।२५ | नेरा प्रावि पाखापानी पर्खाल तारवार | शम्भु जाली उद्योग | तारजाली | ५१६८ | २५८४ |
| ४३८।०७६।२५ | जनता मावि तला थप | सरु अडर्स एण्ड सप्लायर्स | | ४००२४ | २००१२ |
| ४३९।०७६।२५ | स्मार्ट कृषि सरुमारानी | थ्रिजि इन्टरप्राइजेज | पम्प | ५१७६ | २५८८ |
| ४४५।०७६।३।२६ | धरमपानी मावि | हाम्रो राम्रो अडर्स एण्ड सप्लायर्स | फर्निचर | ११५०५ | ५७५३ |
| ४५५।०७६।३।२६ | टाकुरे टोल सिचाई आयोजना | पौडेल हार्डवेर | योजना कार्य | १४३५८ | ७१७९ |
| ४५९।०७६।३।२६ | भित्रि खोला छविसे सिचाई कुलो | न्यू गणपति हार्डवेयर | योजना कार्य | २४२१६ | १२१०८ |
| ४६७।०७६।३।२९ | प्लम्बिङ तालिम | अल्पदिन स्कूल अफप भोकेशनल | तालिम | ११५०४ | ५७५२ |
| ४७।०७६।३।२९ | स्वर्गद्वारी प्रवेश द्वार पर्यटन प्रर्वद्धन | स्टार इट्टा उद्योग | इट्टा खरिद | ३२५० | १६२५ |
| ४७८।०७६।३।३० | ददेरी सामुदायिक स्वास्थ्य भवन | स्टार इट्टा उद्योग | इट्टा खरिद | ६५०० | ३२५० |
| | | पश्चिमाञ्चल हार्डवेयर प्राली | सिमेन्ट रड | २६७८४ | १३३९२ |
| | | जिके ट्रेडर्स | सिमेन्ट | २१८५८ | १०९२९ |
| ४९०।०७६।३।३१ | गांउघर स्वास्थ्य क्लीनिक | एमसि अडर्स एण्ड सप्लायर्स | जस्ता पाता | ९१६१ | ४५८१ |
| ५०२।०७६।३।३१ | विमिर्नासिहं लिफट खानेपानी योजना | एमसि अडर्स एण्ड सप्लायर्स | पाइप फिटिङ | ९२२३ | ४६११.५ |
| ५०३।०७६।३।३१ | वड डाडा चनछ्वेल मोटरबाटो | लक्ष्मी ट्रेडर्स | जाली | ९११२ | ४५५१ |
| ५०८।०७६।३।३१ | स्वर्गद्वारी गेट दाङ मोटर बाटो | भ्याली होम पाइप एण्ड कंक्रट उद्योग | ह्युम पाइप | ६७९३ | ३३९६.५ |
| | | राप्ती ग्याबियर सिस्टम प्राली | ग्याबियर | १०६३२ | ५३१६ |
| | | पुन्य दरवार कन्ट्रक्सन प्राली | माटो काट्ने | १३८०५३ | ६९०२७ |
| | | भोला निर्माण सेवा | माटो काट्ने | २१९३० | १०९७० |
| ५११।०७६।३।२९ | वडडाडा खोपडेउ धनछोर मोटर बाटो | पुन्य दरवार कन्ट्रक्सन प्राली | माटो काट्ने | ५७५२ | २८७६ |
| ५१७।०७६।३।३१ | चामा वाङगेवेथि पनाद्वार दुवरुगे वडडाडा मोवा | स्वर्गद्वारी निर्माण सेवा | | २५२४२ | १२६२१ |
| ५१८।०७६।३।३१ | गरुड डाङ ढाव कटौज सडक | दाङभेलि ह्युम पाइप एण्ड कन्कीट | | ६७९९ | २३९९ |
| ५२०।०७६।३।३१ | जसपर जोड्ने मोटर बाटो | मल्लरानी कन्ट्रक्सन | माटो तथा चट्टान | ४२७४४ | २१३७२ |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण | | | | |
| ५२४।०७६।३।२७ | डाँडागाँउ लिफ्ट सिचाई | थ्रिजि इन्टरप्राइजेज | समरस्बिल पम्प | ११५३५ | ५७६८ |
| ५२६।०७६।३।११ | सामुदायिक स्वास्थ्य क्लिनिक | लक्ष्मी ट्रेडर्स | इट्टा ट्याकी | ९११७३ | ४५५८७ |
| | | आमोद समिल | झ्याल ढोका | २७५३४ | १३७६७ |
| १३९।०७६।३।३१ | दार्डसिङ मान्द्रे लिफ्ट खा पा यो | | पाइप सिमेन्ट | १५००११ | ७५०३० |
| ५३१।०७६।३।३१ | भित्रिखोला सिचाइ पाइप योजना | पस्चिमाञ्चल हार्डवेयर | एचडिपि पाइप | १६१९४ | ८०९७ |
| ५३२।०७६।३।३१ | झिलिवाङ हरेछुर मोटरबाटो | सन्तोष कन्ट्रक्सन | माटोको कार्य | २३३९८ | ११६९९ |
| ५३३।०७६।३।३१ | दर्मान बनविरे मैदान सडक | पौडेल आयल स्टोर | आयल | ४८३०६ | २४१५३ |
| | पाले पचेरा लिफ्ट खापा योजना | पौडेल हार्डवेयर | सिमेन्ट | ४८५९१ | २४२९६ |
| | | छत्रदेवि ह्युम पाइप एण्ड कन्क्रिट | ह्युम पाइप | ९६८८ | ४८४४ |
| | | एमसि अर्डस सप्ला | सिमेन्ट | ११२७७६ | ५६३८८ |
| | | गौतम इनर्जि इन्जिनियरिङ प्राली | पाइप | ५१९७२ | २५९८१ |
| २९७।०७६।२।२७ | रानी कुवा योग तथा शान्तिपार्क निर्माण | सेवास्थित उपभोक्ता समिति | माटो काट्ने | ३८२५६ | १९१२८ |
| | | एमसि अर्डस सप्लायर्स | रड | ९५५५ | ४७७८ |
| | | गणेश इट्टा उद्योग | इट्टा | १८८६७ | ९४३४ |
| | | केजि एन इट्टा उद्योग | इट्टा | १४१७० | ७०८५ |
| | | गणपति हार्डवेयर | पाइप | १७३४९ | ८६७५ |
| | | सरु अर्डर एण्ड सप्लायर्स | छड सिमेन्ट | १३४७६७ | ६७३८४ |
| | | पिडि मल्टि पर्पोज प्राली | पाइप | ६७०३ | ३३५२ |
| ३६६।०७६।३।१२ | प्याउली मोटर सैराकोट गोलधार लिफ्ट खापा | रामसि अर्डर एण्ड सप्लार्यस | सिमेन्ट पाइप प्लेन पाता | ४५०१४ | २२५०७ |
| ३६९।०७६।३।१६ | आलपानी किमिचौर खापा | लक्ष्मी ट्रेडर्स | सिमेन्ट पाइप छड | ४०२११ | २०१०६ |
| ३८०।०७६।३।१७ | ढाड खा पा यो | युरासी हार्डवेयर | पाइप फिटिङ | २२६६३ | ११३३७ |
| ३८४।०७६।३।१७ | अमरानी मा वि पर्खाल निर्माण | एस टि एस सप्लायर्स | सिमेन्ट | ५८१८ | २९०९ |
| २२।०७६।३।२४ | विद्यालय क्षेत्र विकास कार्यक्रम | श्री सिद्ध बाबा कम्प्युटर बुटवल | ल्यापटप | १४६२५ | ७११२ |
| २२।०७६।३।२४ | विद्यालय क्षेत्र विकास कार्यक्रम | सुरुचि इन्टरप्राइजेज बुटवल | कार्पेट | २८२५ | १४१२ |
| २२।०७६।३।२४ | विद्यालय क्षेत्र विकास कार्यक्रम | अभिषेक स्टिल फर्निचर उद्योग बुटवल | फर्निचर | ४४२० | २२१० |
| २३।०७६।३।२४ | विद्यालय क्षेत्र विकास कार्यक्रम | एम.सि. अर्डर एण्ड सप्लायर्स बागेंसाल प्यूठान | निर्माण सामाग्रि | ३६४१२ | १८२०६ |
| २४।०७६।३।२६ | विद्यालय क्षेत्र विकास कार्यक्रम | टेलिट्रोनिक्स इन्टरनेशनल बाग्दुला | कम्प्युटर | ७२५२३ | ३६२६१ |
| २७।०७६।३।३१ | विद्यालय क्षेत्र विकास कार्यक्रम | स्टार इट्टा उद्योग कपिलवस्तु | इट्टा | १०४०० | ५२०० |

९

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २७।०७६।३।३१ | विद्यालय क्षेत्र विकास कार्यक्रम | डिजाइन फर्निचर वागेसाल | फर्निचर | ७४८८ | ३७४४ |
| २७।०७६।३।३१ | विद्यालय क्षेत्र विकास कार्यक्रम | पौडेल हार्डवेयर दर्भान | निर्माण सामाग्रि | २५३०३ | १२६५१ |
| २७।०७६।३।३१ | विद्यालय क्षेत्र विकास कार्यक्रम | एम.एस हार्डवेयर दाङ | निर्माण सामाग्रि | ४८६८ | २४३४ |
| | | | जम्मा | १७३३४४५ | ८,६६७२२ |

| | | | |
|---|---|---|---|
| १९. | ३४३।०७६।३।६ | गाउं पालिकाको आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक योजना अनुसार विषयगत उद्यमशिलता अर्न्तगतको एड्भान्स व्यूटी पार्लर तालिम कार्यक्रम मिति २०७६।०१।१५ देखि२०७६।०३।१५ संचालन गरेको देखियो । उक्त तालिममा १५ जना प्रशिक्षार्थी सहभागी भएका र हाजिरी विवरण अनुसार २०७६।०३।०६ मा नै सम्झौता अनुसार रु १,२०,०००।- भुक्तानी गरेको देखियो । यसरी कार्यक्रम पुरा नभै अगाडी नै भुक्तानी गरेको नियमित नदेखिएको रु ....... | १,२०,०००। |
| २०. | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) र १(क) मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समूहद्वारा गराउन वा प्राप्त गर्न सकिने र उल्लेखित लागत अनुमानमा मूल्य अभिवृद्धी कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अशं समेतको रकम समावेश हुने प्रावधान रहेको छ । यस कार्यालयवाट यस आ.व. मा निम्नानुसारका उपभोक्ता समितिवाट निर्माण कार्य गराएकोमा रु एक करोड भन्दा बढि लागत अनुमान भएका निम्न योजनाहरु संचालन गरेको देखियो । यसरी नियमावलीमा भएको व्यवस्था भन्दा बढी सीमा नापी भएको कार्य नियमित नदेखिएको रु...... | ५७,५२,०००। |

| आयोजनाको नाम | योजना सुरु भएको मिति | सम्पन्न हुनुपर्ने मिति | लगत अनुमान | यस वर्षको भुक्तानी |
|---|---|---|---|---|
| प्यालीमाटी सौराकोट गोधधारा सिद्धथान खा.पा. योजना | २०७५।१२।७ | २०७६।३।१५ | १,२२,०८,४७९ | ११,५२,००० |
| दाङसिङ मान्द्रे तल्ला मान्द्रे कुडुले लिफ्ट खानेपानी आयोजना | २०७५।१२।७ | २०७६।३।१५ | १,३०,३३,६३० | ४६,००,००० |
| | | | जम्मा | ५७,२०,०००.० |

| | | | |
|---|---|---|---|
| २१. | | कार्यालयले ड्राइभिङ तथा अटो मेकानिकल तालिम २०७५।१२। १५ देखि २०७६।२।५ सम्म संचालन गरी निम्नानुसार भुक्तानी गरेकोमा निम्नानुसार कैफियत देखियो ।– | |

| गो.भौ.नं. | खर्चको श्रोत | भूक्तानी रकम |
|---|---|---|
| ४१२।०७६।३।२९ | संघीय वित्तिय समानिकरण | ४,००,०००।- |
| २५।०७६।३।२९ | प्रदेश राजस्व बाँडफाँड | १,००,०००।- |
| जम्मा | | ५,००,००० |

२२.१ उक्त तालिममा जाने प्रशिक्षार्थीहरुको छनौट गरेको देखिएन

२२.२ ३५ जना प्रशिक्षार्थीको हाजिर पेश भएकोमा ११ जनाको मात्र प्रमाण पत्र



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | सलग्न गरेको र उक्त तालिमको अनुगमन गरेको देखिएन ।<br>२२.३ कार्यालयले तालिम इन्चिच्युटसंग तालिम संचालनको भुक्तानी तरिका र तालिम संचालनको स्पष्ट सम्झौता नगरेको ।<br>२२.४ ड्राइभिङ इन्चिच्युटको के.सी. पोल्टीफर्म एण्ड सप्लायर्स के.सी मोटर ड्राइभिङ सेन्टरको पान नं. ६०३६२३४५ भएकोमा भुक्तानी दिदा उक्त फर्मको कर विजक पेश नगरी विभिन्न भरपाइहरु पेश गरेको आधारमा भुक्तानी गरेको ।<br>उपर्युक्त अवस्थाहरु देखिन आएकाले तालिम वास्तविक रुपमा संचालन भै भुक्तानी गरेको हो भन्न सकिने अवस्था नरहेकोले अनियमित देखिएको रु .. | ५,००,०००। |
| २. | | **अग्रिम कर कट्टा नभएको :**<br>आयकर ऐन २०५८ को दफा ८७, ८८, र ८९ मा विभिन्न किसिमका भुक्तानीमा विभिन्न किसिमका दरमा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था भए वमोजिम अग्रिमकर कट्टा गरेको नदेखिकोले कट्टा गरी दाखिला गर्नुपर्ने रु...... | १९,४६२.० |

| गो.भौ.नं. | कारोवारको व्यहोरा | सम्वन्धित व्यक्ति,सस्था | भुक्तानी रकम | कट्टि हुनुपर्ने रकम | दर% |
|---|---|---|---|---|---|
| ३०।०७५।९।४ | पशु औषधि खरिद वडा नं.१ | किसान एग्रोभेट सेन्टर | ७०००० | १०५० | १.५ |
| ६५।०७५।९।४ | पशु औषधि खरिद वडा नं. ३ | किसान एग्रोभेट सेन्टर | ५०००० | ७५० | १.५ |
| ६६।०७५।९।४ | पशु औषधि खरिद वडा नं.२ र ५ मा | किसान एग्रोभेट सेन्टर | ९०००० | १३५० | १.५ |
